२०६६।५।६

# अनिवार्य नेपाली विषयको पाठ्यक्रम

पाठ्यांश शीर्षक : अनिवार्य नेपाली (कोड नं. ४०२.)
तह: स्नातक (चार बर्से)
वर्ष : दोस्रो

पूर्णाङ्क : सै. ७०+ प्रा. ३० =१००
उत्तीर्णाङ्क : ३५
प्रतिहप्ता पाठघण्टा : ६
जम्मा पाठघण्टा : १५०

## १. पाठ्यांश परिचय

यो पाठ्यक्रम त्रिभुवन विश्वविद्यालय अन्तर्गत विभिन्न सङ्कायका स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई नेपाली भाषामा विशिष्ट बोध, अभिव्यक्ति र रचना कौशलको विकास गर्न तयार पारिएको हो । यस पाठ्यक्रममा नेपाली भाषाको कथ्य र लेख्य स्वरूप, शब्द भण्डार, वाक्यतत्त्वपरक रचना, सङ्कथन संरचना, नेपाली वाङ्मयका विभिन्न क्षेत्रका गद्यांशको पठन बोध, व्यावहारिक लेखन, निबन्धात्मक अभिव्यक्तिका साथै निर्धारित साहित्यिक कृतिहरुको पठन, आस्वादन र अभिव्यक्ति क्षमताको विकास गर्ने पाठ्य सामग्रीहरु समावेश गरिएका छन् ।

## २. पाठ्यक्रमका साधारण उद्देश्य

*यस पाठ्यक्रमका पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरु निम्न लिखित भाषिक सिप आर्जन गर्न सक्षम हुनेछन् :*

- कथ्य र लेख्य नेपालीको भिन्नता पहिल्याई मानक रूपको प्रयोग गर्न,
- नेपाली वाङ्मयका विविध क्षेत्रमा प्रयुक्त शब्दहरुको स्रोत, वर्ग, बनोट र अर्थ बोध गरी वाक्यमा सन्दर्भपूर्ण प्रयोग गर्न,
- तालिका, चित्राकृति (डायग्राम) रेखाचित्र (ग्राफ) र आरेखका सूचनालाई अनुच्छेदमा तथा अनुच्छेदमा रहेका सूचनालाई तालिका, चित्राकृति, आलेख र आरेखमा रूपान्तर गर्न,
- नेपाली वाक्यतत्त्वको पहिचान गरी वाक्यतत्त्वपरक रचना गर्न,
- पाठ वा पाठ्यांशका सङ्कथनको संरचना पहिल्याउन,
- नेपाली वाङ्मयका विविध क्षेत्रका गद्यांशहरु पढी तिनमा आधारित बोधप्रश्नहरुको उत्तर दिन,
- सम्बद्ध गद्यांशको बुँदा टिपोट र संक्षेपीकरण गर्न,
- पाठ वा पाठांशका विषयवस्तुमा आधारित भई स्वतन्त्र अभिव्यक्ति प्रकट गर्न,
- निर्धारित ढाँचामा आधारित भई विविध व्यावहारिक लेखन र प्रतिवेदन तयार गर्न,
- विभिन्न विषयमा आत्मपरक तथा वस्तुपरक निबन्ध लेख्न,
- निर्धारित कविता, गीत/गजल, निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन वा आस्वादन गरी प्रतिक्रिया दिन ।

२०६६।०५।६


त्रिभुवन विश्वविद्यालय
KATHMANDU NEPAL
मानविकी तथा सामाजिक शास्त्र संकाय
प्राज्ञिक परिषद्को कार्यालय

३. पाठ्यक्रमका विशिष्ट उद्देश्य तथा पाठ्य विषय

| विशिष्ट उद्देश्य | पाठ्य विषय | अङ्क | पा.घ. |
|---|---|---|---|
| • शब्दहरुको अक्षरीकरण गर्न<br>• नेपाली वर्ण विन्यास प्रयोग गर्न | **एकाइ एक : अक्षरीकरण र वर्ण विन्यास**<br>क) शब्दहरुको अक्षरीकरण<br>ख) नेपाली वर्ण विन्यास | ६ | ९ |
| • नेपालीका विभिन्न स्रोतका शब्दको पहिचान गर्न<br>• शब्दवर्ग छुट्ट्याई शब्दको बनोट देखाउन,<br>• शब्दार्थ अनुसार शब्दहरुको प्रयोग गर्न | **एकाइ दुई : नेपाली शब्द भण्डार**<br>क) शब्दस्रोत र शब्दवर्ग<br>ख) शब्द बनोट<br>ग) शब्दार्थ र शब्दहरुको प्रयोग (विभिन्न विषय क्षेत्रसँग सम्बन्धित सामान्य र विशिष्ट प्रकृतिका पारिभाषिक शब्दको प्रयोग ) र अभ्यास | ६ | ९ |
| • वर्णनात्मक प्रकृतिका स्वतन्त्र रचना निर्माण गर्न<br>• निर्देशित रचना तयार गर्न<br>• वाक्य संश्लेषण गर्न | **एकाइ तीन : वाक्यतत्त्वपरक रचना**<br>क) स्वतन्त्र रचना (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, करण अकरणका आधारमा वर्णन)<br>ख) निर्देशित रचना (वाक्यान्तरण)<br>ग) वाक्य संश्लेषण | ६ | ९ |
| • तालिका, चित्राकृति (डायग्राम) रेखाचित्र (ग्राफ) र आरेखको सूचनालाई अनुच्छेदमा र अनुच्छेदमा रहेका सूचनालाई तालिका, चित्राकृति (डायग्राम) रेखाचित्र (ग्राफ) र आरेखमा रूपान्तर गर्न<br>• विभिन्न प्रकृतिका स्वतन्त्र स्वतन्त्र तथा निर्देशित अनुच्छेद रचना गर्न | **एकाइ चार : सूचनाको रूपान्तरण र अनुच्छेद लेखन**<br>क) तालिका, चित्राकृति (वृत्ताकार र स्तम्भ), रेखाचित्र तथा आरेखका सूचनाको अनुच्छेदमा रूपान्तर र अनुच्छेदका सूचनाको तालिका, चित्राकृति (वृत्ताकार र स्तम्भ), रेखाचित्र तथा आरेखमा रूपान्तर<br>ख) स्वतन्त्र तथा निर्देशित अनुच्छेद लेखन | ४ | १० |
| • शब्दहरुको व्याकरणिक र कोशीय संसक्ति पहिल्याउन,<br>• अन्तर्वाक्यात्मक अर्थान्विति पत्ता लगाउन | **एकाइ पाँच : सङ्कथन / पाठको संरचना**<br>क) व्याकरणिक संसक्ति तथा कोशीय संसक्ति<br>ख) अन्तर्वाक्यात्मक अर्थान्विति | ४ | ९ |
| • नेपाली वाङ्मयका विभिन्न क्षेत्रसँग सम्बद्ध दृष्टांश र अदृष्टांश पाठ / पाठांश तथा बोधात्मक प्रश्नहरुको अभ्यास गर्न । | **एकाइ छ : पठन बोध** नेपाली वाङ्मयका शिक्षा, अर्थ व्यवस्था, भूगोल, ऊर्जा, वातावरण, जैविक विविधता, विज्ञान, प्रविधि, स्वास्थ्य, खेलकुद, भाषा साहित्य, सूचना, सञ्चार, समाज, संस्कृति, दर्शन, मनोविज्ञान, कानुन, कृषि, वन, जीवजन्तु र वनस्पति आदि क्षेत्रसँग सम्बन्धित सामान्य तथा विशिष्ट दृष्टांश र अदृष्टांश पाठ वा पाठ्यांशमा आधारित | १० | २४ |

परिषद्को कार्यालय कीर्तिपुर
तथा सामाजिक शास्त्र डीनको कार्यालय कीर्तिपुर

| | | | |
|---|---|---|---|
| | अनुमानात्मक, निष्कर्षात्मक, तथ्यात्मक, संरचनात्मक तथा समीक्षात्मक प्रकृतिका प्रतिक्रियामूलक तथा बहुवैकल्पिक बोधप्रश्नको अभ्यास | | |
| • विभिन्न अनुच्छेदबाट बुँदा टिपोट र संक्षेपीकरण गर्न | **एकाइ सात: बुँदा टिपोट र संक्षेपीकरण**<br>क) विविध विषयसँग सम्बन्धित गद्यांशबाट मुख्य मुख्य बुँदा टिपोट<br>ख) नेपाली वाङ्मयका विविध विषयसँग सम्बन्धित गद्यांशका मुख्य कुरा नछुटाई संक्षेपीकरण | ४ | ९ |
| • विज्ञापन, सम्पादकलाई चिठी, शुभ कामना, बधाई ज्ञापन, श्रद्धाञ्जली, समवेदना र व्यक्तिवृत्तका नमुना तयार गर्न | **एकाइ आठ : व्यावहारिक लेखन**<br>क) विज्ञापन र सम्पादकलाई चिठी<br>ख) शुभ कामना, बधाई, श्रद्धाञ्जली/समवेदना<br>ग) व्यक्तिवृत्त लेखन | ४ | ९ |
| • विभिन्न विषयसँग सम्बद्ध आत्मपरक र वस्तुपरक निबन्ध सिर्जना गर्न | **एकाइ नौ : निबन्ध लेखन**<br>आत्मपरक र वस्तुपरक/निबन्ध सिर्जना | ७ | १३ |
| • घटना, समारोह, भ्रमण, निरीक्षण जस्ता विषयमा प्रतिवेदन तयार गर्न | **एकाइ दश : प्रतिवेदन लेखन**<br>घटना, समारोह, भ्रमण र निरीक्षणमा आधारित प्रतिवेदन लेखन | ५ | १२ |

| | | |
|---|---|---|
| • कविता, गीत /गजल निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन गरी तिनको आस्वादन गर्न | **एकाइ एघार : साहित्यिक कृतिको आस्वादन / अध्ययन**<br>क) कविता /गीत /गजल<br>• माधव घिमिरे : तिम्रो र हाम्रो मन एक होओस्<br>• भूपि शेरचन : मेरो चोक<br>• हरिभक्त कटुवाल : भोलिको नेपाल<br>• दुर्गालाल श्रेष्ठ : मनको दैलो<br>• अमर गिरी : चराका गीतहरु<br>• धीरेन्द्र प्रेमर्षि : आँसु लुकाई परेलीमा<br>ख) निबन्ध<br>• लक्ष्मीप्रसाद देवकोटा: के नेपला सानो छ ?<br>• शङ्कर लामिछाने : गोधूलि संसार<br>• भैरव अर्याल : टाउको<br>• शारदा शर्मा : सुखसत्ता<br>ग) कथा<br>• विश्वेश्वर प्रसाद कोइराला : एक रात<br>• राजेन्द्र विमल : लङ्काकाण्ड<br>• पद्मावती सिंह : आरुको बोट<br>• ऋषिराज बराल : पछ्यरिया टोल<br>• महेश विक्रम शाह : गाउँमा गीतहरु गुन्जिँदैनन्<br>घ) उपन्यास – सरुभक्त : चुली<br>ङ) नाटक – अ) विजय मल्ल : सत्ताको खोजमा<br>आ) कृष्ण शाह यात्री : पीडा आरोहण | ८+६=१ |

४. **शिक्षण विधि :** निर्धारित पाठ्यक्रमलाई कक्षागत र प्रयोगात्मक दुई खण्डमा छुट्याई अभ्यास गराइनेछ ।

क) ७० पूर्णाङ्कको शिक्षण कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, गृहकार्य, आदिद्वारा गराइनेछ ।

ख) सम्बन्धित शिक्षकको निर्देशनमा विद्यार्थी आफैले ३० पूर्णाङ्कको अध्ययन पुरा गर्नेछन् ।

५. **मूल्याङ्कन पद्धति :** ७० पूर्णाङ्को वार्षिक वा बाह्य परीक्षा लिइनेछ । बाह्य परीक्षाका लागि विशिष्टीकरण तालिका (ग्रिड) अनुसार विभिन्न एकाइगत सन्तुलन हुने गरी ७० पूर्णाङ्कका प्रश्नहरु सोधिनेछन् । शैक्षिक वर्षावधिमा सम्बन्धित कक्षा शिक्षकद्वारा पाठ्यक्रममा आधारित भई ३० पूर्णाङ्कको आन्तरिक परीक्षा लिइनेछ ।

**६. आन्तरिक परीक्षाको अङ्क विभाजन र क्रियाकलापका लागि सामग्री निर्माणका नमुना आधार**

**क) अङ्क विभाजन :**

**अ) उपस्थिति– ५ अङ्क**

- विद्यार्थीको ८० प्रतिशत उपस्थिति अनिवार्य हुनेछ । उपस्थितिको अङ्क वितरण निम्नानुसार हुनेछ ।
- ८० प्रतिशत उपस्थितिका लागि ३ अङ्क
- ८१ – ९० प्रतिशतसम्म उपस्थितिका लागि ४ अङ्क
- ९१ प्रतिशतभन्दामाथि उपस्थितिका लागि ५ अङ्क

**आ) कक्षा सहभागिता र प्रस्तुति– ५ अङ्क**

- पठन पाठनका क्रममा कक्षागत छलफल, प्रश्नोत्तर, जिज्ञासा, शिक्षकले दिएको कक्षाकार्य, प्रश्नको कक्षागत उत्तरको प्रस्तुति आदिलाई सम्बन्धित शिक्षकले मूल्याङ्कन गरी अङ्क प्रदान गर्नेछ ।

**इ) आन्तरिक परीक्षा–१० अङ्क**

- सम्बन्धित शिक्षकले आन्तरिक सुधारका रूपमा १०० पूर्णाङ्कको प्रश्नपत्र तयार गरी आन्तरिक परीक्षा लिए प्राप्ताङ्कलाई १० अङ्कमा परिणत गर्ने छ ।

**ई) परियोजना कार्य–१० अङ्क**

- परियोजना कार्यका लागि सम्बन्धित शिक्षकले शैक्षिक सत्र सुरु भएपछि कक्षाका सम्पूर्ण विद्यार्थीलाई विशिष्ट उद्देश्य प्राप्तिका निम्ति तोकिएका पाठ्य विषयसँग सम्बन्धित भई उपयुक्त शीर्षक बनाएर परियोजना कार्य तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनेछ । शिक्षकले परियोजना कार्यका लागि ६० पूर्णाङ्क र प्रस्तुतिका लागि ४० पूर्णाङ्क राखी मूल्याङ्कन गरेर प्राप्ताङ्कलाई १० प्रतिशतमा परिणत गर्ने छ ।

**(सम्बन्धित शिक्षकले विद्यार्थीले प्रयोगात्मक कार्यमा प्राप्त गरेको सम्पूर्ण अङ्क योग गरी तयार गरेको अभिलेख सम्बन्धित क्याम्पसको परीक्षा शाखालाई उपलब्ध गराउनु पर्नेछ ।)**

**ख) क्रियाकलापका लागि सामग्री निर्माणका नमुना आधार**

| एकाइ | पाठ्यांश | क्रियाकलापका लागि केही नमुना |
|---|---|---|
| एकाइ एक | नेपाली वर्ण विन्यास | *अ) वर्ण विन्यासगत अशुद्धियुक्त गद्यांश दिई सच्याउन लगाई शुद्धीकरणको आधार वा कारणबारे सम्बद्ध जानकारी कक्षामा प्रस्तुति ।*<br>*आ) लेखाइ र उच्चार्य भिन्नता भएका शब्दहरु भएको अनुच्छेद दिई उच्चारणानुसार लेखनमा रूपान्तरण तथा सोही अनुच्छेदका निर्धारित शब्दको अक्षरीकरण गरी कक्षामा प्रस्तुति ।* |
| एकाइ दुई | पारिभाषिक शब्द | *शिक्षकले खास प्रयोजनपरक विषय क्षेत्र तोकी विद्यार्थीलाई नै सो विषयको अनुच्छेद सङ्कलन गर्न लगाएर त्यसबाट विशिष्ट पारिभाषिक शब्द खोज्न लगाई अर्थबोध सहित वाक्य निर्माण गर्न लगाउने ।* |

| | | |
|---|---|---|
| | | |
| एकाइ चार | सङ्कथन | *१५० शब्दसम्मको गद्यांश (पाठ) दिई त्यसबाट व्याकरणिक तथा कोशीय संसक्ति पहिचान र त्यसको तार्किक पुष्टि गर्न लगाउने।* |
| एकाइ दश | प्रतिवेदन | *कहीं पहिले नै आयोजित भएको वा विद्यार्थीहरुले नै साहित्यिक वा अन्य कार्यक्रम आयोजना गरी सो कार्यक्रमको सामूहिक प्रतिवेदन निर्माण गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने।* पाठ्यक्रम ण्भन्दा बाहिरको कुनै साहित्यकारको कुनै कृतिको अध्ययन गरी पाठक प्रतिक्रियाका रूपमा परियोजना पत्र तयार पारी व्यक्तिगत वा सामूहिक रूपमा कक्षामा *प्रस्तुत गर्न लगाउने।* |
| एकाइ एघार | कृतित्वको अध्ययन | पाठ्यक्रममा रहेका कृतिहरुको सरसर्ती अध्ययन गरी पाठक प्रतिक्रिया लेख्न लगाउने |

संस्करण २०६६

पाठ्य पुस्तक

- अनिवार्य नेपाली स्थायी समिति, **नेपाली साहित्यिक रचना** (परिवर्तित [illegible]), साझा प्रकाशन, काठमाडौं।
- अनिवार्य नेपाली स्थायी समिति त्रि.वि. पाविके, अनिवार्य **नेपाली व्याकरण, बोध र रचना** ( प्रस्तावित ) साझा प्रकाशन, काठमाडौं।

सहायक सामग्री

- टङ्क न्यौपाने, **मानक नेपाली व्याकरण र कार्यमूलक लेखन**, श्याम ब्रदर्स, विराटनगर
- मोहनराज शर्मा, **शब्द रचना र वर्ण विन्यास**, नवीन प्रकाशन, काठमाडौं।
- लालानाथ सुवेदी, **नेपाली बोध र रचना कौशल**, हिमालय बुक्स स्टल, काठमाडौं।
- हेमाङ्गराज अधिकारी, **प्रयोगात्मक नेपाली व्याकरण**, साझा प्रकाशन, काठमाडौं।

परिषद्को कार्यालय कीर्तिपुर

मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालय कीर्तिपुर